(अनुसूची-
दफा ९ संग सम्बन्धित)

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

केन्द्रीय कार्यालय, बनेपा १४, साँगा, काभ्रेपलाञ्चोक

### सञ्चालक निर्वाचन कार्यक्रमको सूचना

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको मिती २०८१।११।१६ मा राखिएको एघारौं वार्षिक साधारण सभाबाट सम्पन्न हुने सञ्चालक निर्वाचन प्रयोजनार्थ संचालक समितिमा समूह 'क' (संस्थापक शेयरधनीहरुको समूह) बाट आवश्यक संख्या ४ जना र समूह 'ख' (सर्वसाधारण शेयरधनीहरुको समूह) बाट आवश्यक संख्या १ महिला सहित २ जना गरी कुल ६ जनाको सञ्चालक निर्वाचनका लागि कम्पनीको सञ्चालक निर्वाचन संशोधित निर्देशिका, २०८० बमोजिम निम्नानुसारको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ :

| क्र.स. | कार्यक्रम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०८१।११।०१ | अपरान्ह १:०० बजे | केन्द्रीय कार्यालय, बनेपा १४, साँगा, काभ्रेपलाञ्चोक । | |
| २. | मतदाता नामावली उपर उजुरी | २०८१।११।०१ | अपरान्ह ३:०० बजे देखि ३:४५ बजेसम्म | ऐ ऐ | |
| ३. | मतदाता नामावलीमा उजुरी उपर निर्णय | २०८१।११।०१ | अपरान्ह ४:००बजे | ऐ ऐ | |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१।११।०१ | अपरान्ह ५:००बजे | ऐ ऐ | |
| ५. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८१।११।१४ | बिहान ११:०० बजे देखि १२:३० बजे सम्म | ऐ ऐ | |
| ६. | उम्मेदवारहरुको प्रथम नामावली प्रकाशन | २०८१।११।१४ | मध्यान्ह १२:४५ बजे | ऐ ऐ | |
| ७. | उम्मेदवारी उपर दावी विरोध | २०८१।११।१४ | मध्यान्ह १२:४५ देखि १:३० बजे सम्म | ऐ ऐ | |
| ८. | मनोनयन पत्रको जाँच र निर्णय | २०८१।११।१४ | अपरान्ह १:३० बजे देखि २:३० सम्म | ऐ ऐ | |
| ९. | उम्मेदवारको दोस्रो नामावली प्रकाशन | २०८१।११।१४ | अपरान्ह २:३० बजे | ऐ ऐ | |
| १०. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०८१।११।१४ | अपरान्ह ४:०० बजेसम्म | ऐ ऐ | |
| ११. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१।११।१४ | अपरान्ह ४:३० बजे | ऐ ऐ | |
| १२. | मतदान गर्ने | २०८१।११।१६ | साधारण सभा सम्पन्न भएपछि | साधारण सभा स्थल स्काई गार्डेन रिसोर्ट, पनौती ५, चौकोट, काभ्रेपलाञ्चोक । | |
| १३. | मतगणना गर्ने । | २०८१।११।१६ | मतदान सकिएपछि | ऐ ऐ | |
| १४. | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा | २०८१।११।१६ | मत गणना सकिएपछि | ऐ ऐ | |

CamScanner

**निर्वाचन सम्बन्धी थप जानकारी**

१. मतदाता नामावली यस कम्पनीको शेयर रजिष्ट्रार श्री लक्ष्मी सनराइज क्यापिटल लिमिटेडद्वारा विधुतीय माध्यमबाट प्राप्त भए अनुसार प्रकाशित गरिनेछ । कसैलाई मतदाता नामावली चाहिएमा विधुतीय माध्यमबाट पेन ड्राइभमा कपी गरी तोकिएको रकम लिई उपलब्ध गराउन सकिनेछ ।

२. उम्मेदवारले आफ्नो उम्मेदवारी मनोनयन पत्र दर्ता गर्न आउँदा आफ्नो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट विवरणको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र, कर्जा सूचना केन्द्रबाट कालो सूचिमा नरहेको पुष्टि हुने सक्कलपत्र पेश गर्नु पर्नेछ ।

३. उम्मेदवार हुन कम्पनीको नियमावली, निर्वाचन निर्देशिका, यस कम्पनीसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन बमोजिम अयोग्य नरहेको हुनु पर्नेछ ।

४. मनोनय फाराम निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । साथै कम्पनीको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

५. उम्मेदवारी मनोनय दर्ता गर्न उम्मेदवार स्वयं, प्रस्तावक र समर्थक समेत स्वयं उपस्थित हुनु पर्नेछ । प्रस्तावक समर्थकको नागरिकताको प्रतिलिपी, शेयरधनी प्रमाण पत्र वा डिम्याट विवरणको प्रतिलिपी समेत साथै पेश गर्नु पर्नेछ । उम्मेदवार आफै जुन समूहको हो सोही समूहको प्रस्तावक समर्थक हुनु पर्नेछ ।

६. प्रतिनिधी पत्र (प्रोक्सी) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै निर्वाचन कार्यालयमा दर्ता गराउनु पर्नेछ । एक जना भन्दा बढी व्यक्तिलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको भएमा सबैभन्दा पहिले निर्वाचन कार्यालयमा दर्ता भएको प्रतिनिधी पत्र मान्य भई अन्य प्रतिनिधी पत्र बदर हुनेछ । तर प्रतिनिधी नियुक्त गरिसकेपछि उक्त प्रतिनिधी पत्र वा प्रतिनिधीहरु बदर गरी यो प्रतिनिधी पत्रलाई मात्र मान्यता दिइयोस् भनि छुट्टै निवेदक स्वयं आफै आई दर्ता गरी उक्त निवेदनमा सनाखत समेत गरि दिएमा त्यस्तो प्रतिनिधी पत्रलाई मान्यता दिई अगाडीको प्रतिनिधी पत्र बदर हुनेछ ।

७. कुनै शेयरधनीको एकभन्दा बढी शेयरधनी नं./बिओआइडी नं. खाता भएका हरेक खाताको अलग अलग प्रतिनिधी फाराम भरी बुझाउनु पर्नेछ ।

८. शेयरधनीको नाम थर हस्ताक्षर नभएको वा नमिलेको शेयरधनी नं./बिओआइडी नं. नभएको नमिलेको केरमेट गरेको वा टिपेक्स लगाएको प्रतिनिधी पत्र बदर हुनेछ ।

९. जुन समूहको शेयरधनी हो सोही समूहको अर्को शेयरधनीले मात्र प्रोक्सी (प्रतिनिधी पत्र) दिए/लिएको हुनु पर्नेछ ।

१०. प्रोक्सि (प्रतिनिधी पत्र) बुझाउन ल्याउँदा अलग अलग समूहको अलग अलग फाईल बनाई क्र.स. प्रोक्सि दिनेको नाम थर शेयरधनी/डिम्याट नं. शेयर कित्ता संख्या समेत खुलाई पञ्जिका सहित ल्याउनु पर्नेछ ।

११. सभामा भाग लिने र निर्वाचनमा मतदान गर्ने एकै व्यक्ति हुनेछ । सभामा भाग लिनको लागि नियुक्त प्रतिनिधी (प्रोक्सी)ले शेयरधनीको तर्फबाट निर्वाचनमा मतदान गर्न सक्नेछ ।

१२. निर्वाचन कार्यक्रम तालिकामा तोकिएको दिन र समयमा सार्वजनिक विदा परेमा पनि तोकिएको कार्य तोकिएको दिन र समयमा सम्पन्न हुनेछ ।

१३. मतदान हुने दिन २०८१/११/६ गते जुनसुकै समयमा मतदान शुरु भए पनि शुरु भएको समयदेखि ३ घण्टा मतदान गर्ने समय निर्धारण गरिएको छ । निर्वाचन कार्यक्रममा केही कठिनाई आईपरेमा निर्वाचन अधिकृतले वार्षिक साधारण सभालाई असर नपर्ने गरी निर्वाचन कार्यक्रमको मिति संशोधन गर्न सक्नेछ ।

१४. मतदाता शेयरधनीले आफ्नो शेयर भएको देखिने प्रमाणको अतिरिक्त आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र लिई आउनु पर्नेछ ।

१५. निर्वाचन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

१६. अन्य थप जानकारीको लागि कम्पनीबाट प्रकाशित सूचना, सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक निर्वाचन संशोधित निर्देशिका, २०८० तथा निर्वाचन अधिकृतले प्रकाशित गरेको सूचनाहरु हेर्नहुन सुचित गरिन्छ ।

मिति : २०८/१०/२९
समय : दिउसो ४:०० बजे
कम्पनीको छाप

अधिवक्ता चक्र बहादुर थापा
निर्वाचन अधिकृत